(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित )

जि.प्र.का.दर्ता न ५८/२०६३

# सहिद

SAHID WEEKLY साप्ताहिक

जथाभावी रूख नकाटौं,
वातावरणलाई स्वच्छ राखौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

वर्ष १५, अंक १०, पृष्ठ-६ ने.सं. ११३८ अनला गा:, नवमी, वि. सं. २०७५ जेठ २५ गते शुक्रबार JUN. 2018 मूल्य रू. ५।-

## कीर्तिपुरमा खानेपानीको समस्या

### आवश्यकता ५० लाख, आपूर्ति २२ लाख

कीर्तिपुर । कीर्तिपुर नगरपालिकामा खानेपानीको समस्या झन्झन् बल्झँदैछ ।

सबैभन्दा पुरानो दूधपोखरी मुहानको स्रोत सुक्दैछ। दूधपोखरीबाट नगाउँ र मुहान आसपासका विष्ट गाउँ र लनगोलसम्म पानी पुऱ्याउन गाऱ्हो भएको छ ।

सुख्खा यामसँगै पानीको स्रोत सुकेका छन् भने मुहानमाथि अनाधिकृत रुपले घर निर्माण र बाटोमा पिचको कारण मुहान सुक्दै गएकोमा दुई मत नहोला । हिजो साइबाबा स्कुल र हस्पिटल बनाउन खोज्दा स्थानीयको विरोधपछि ठड्याइएका पिलर त भाँचे तर निर्माणका सबै जगसम्म नउल्टाएपछि केही वर्ष मै सशस्त्र प्रहरीको एपीएफ आर्मी प्रहरी फोर्सको विद्यालय, होस्टेल निर्माण गरी संचालनमा रहेका छन् ।

अर्को मुहान सीम मुहान हो जहाँबाट अहिले कीर्तिपुर क्षेत्रको अधिकांश भागमा पानी वितरण धानेको छ ।

कीर्तिपुरमा ७५०० वटा भन्दा बढी धारा वितरण गरिसकेको काठमाडौं उपत्यका खानेपानी लिमिटेड कीर्तिपुर शाखाका प्रमुख ई. नारायण कर्णले बताएका छन् ।


उहाँको अनुसार कीर्तिपुर नगरपालिकामा दैनिक ५० लाख लिटर पानीको आवश्यकता छ भने आपूर्ति २२ लाख मात्र भएको जानकारी दिनुभएको छ । नपुग पानीको जोहो गर्न समस्या भएको अवस्थामा देखिने गरी खेर गईरहेका पानी र नदेखिने गरी चोरिएका पानीलाई संरक्षण र नियन्त्रण गरी समानुपातिक वितरण गर्नुपर्ने वहाँ भन्नुहुन्छ ।

**कीर्तिपुरमा खानेपानीको अवस्थाबारे काठमाडौं उपत्यका खानेपानी लिमिटेड कीर्तिपुर शाखा प्रमुख ई. नारायण कर्णको अन्तरवार्ता**



पृष्ठ ४ मा

## आदिनाथ मन्दिर निर्माण तीव्र



चोभार । काठमाडौंको प्रसिद्ध आनन्ददायी लोकेश्वर आदिनाथ मन्दिर निर्माण कार्य तीव्र रुपले भैरहेको छ ।

जगसम्म भत्काई नव पुन:निर्माण गरेको मन्दिरले २ तल्लामा काम भैरहेको छ । पुरातात्विक महत्व बोकेको, धार्मिक रुपले विश्वास रहेको चोभारको सबभन्दा माथिल्लो उचाईमा रहेको पेगोडा शैलीको सो मन्दिर २०७२ सालको भूकम्पले केही असर नगरेपनि भित्रभित्रबाट छियाछिया, काठ मक्किएकोले नव निर्माण गर्न थालेको हो ।

सो मन्दिरको मर्मत नेपाल सरकार संस्कृति तथा नागरिक पर्यटन उड्ड्यन मन्त्रालय पुरातत्व विभागले आदिनाथ मन्दिर संरक्षण कार्य शीर्षकमा २ करोड ३ लाख ६० हजार ६५७७४ पैसामा निर्माण सम्पन्न गर्ने गरी कीर्तिपुर २ का पचली भैरव एल.एम.एम निर्माण सेवा जेभिलाई ठेक्का दिएको थियो ।

२०७३ फागुन २६ गते सम्झौता भई २०७५ माघ मसान्तसम्ममा निर्माण सम्पन्न गर्नुपर्नेछ ।

मन्दिर निर्माण कार्यको क्रममा आदिनाथ मन्दिरलाई मन्दिरको दाँयातिरको सतलमा राखिएको छ ।

दैनिक पूजा र दर्शनको सेवा त्यहीबाट भैरहेको छ ।

## मूल्यवृद्धिको विरोधमा जुलुस तथा सभा




भक्तपुर । सरकारले पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिको विरोधमा नेपाल क्रान्तिकारी युवा संघ र नेपाल क्रान्तिकारी विद्यार्थी संघले जेठ २३ गते बुधबार जुलुस तथा विरोध सभा गऱ्यो । भक्तपुरको कमलविनायक चोकबाट सुरु भएको युवा-विद्यार्थीहरुको जुलुस जिल्ला प्रशासन कार्यालय पुगी प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको थियो ।


प्रशासन कार्यालय परिसरमा आयोजित सभामा बोल्दै नेपाल क्रान्तिकारी विद्यार्थी संघका केन्द्रीय अध्यक्ष सबिन ख्याजूले आयल निगमभित्र व्याप्त भ्रष्टाचार र अनियमितताकै कारण निगम घाटामा गएको हुँदा कर्मचारीहरुको सम्पत्ति छानविन गरी कारवाही गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्नुभयो । उहाँले नेपालको सीमाक्षेत्रमा भइरहेका कालोबजारी रोक्न नेपाल-भारत सीमाक्षेत्रलाई नियमित र व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो ।

पेट्रोलियम पदार्थ आयातमा भारतसँग मात्र निर्भर रहनुभन्दा बंगलादेश, पाकिस्तान र चीनलगायतका देशहरुबाट पनि नेपाल सरकारले पेट्रोलियम पदार्थ आयात गर्नुपर्ने उहाँको विचार थियो ।

नेक्राविसंघ भक्तपुर जिल्ला समितिका अध्यक्ष मीनबहादुर बाटाले सत्तासीन दलहरुले पटक-पटक जनतालाई झुक्याउने खेल खेलिरहेको बताउँदै जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरेर सरकारले आफू गैर-कम्युनिष्ट रहेको पुष्टि गरेको बताउनुभयो । उहाँले सत्तासीन दलहरु कम्युनिष्ट नभई संशोधनवादी पार्टी भएको बताउनुभयो । उहाँले रंगशाला बनाउने नाममा भक्तपुरको खेतीयोग्य जमिन नासेर भू-माफियाहरुले चलखेल गर्न खोजेको बताउँदै विकेन्द्रित रुपमा विकास निर्माणका काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेक्रायुसंघका जगतराम धुख्वा, नेक्राविसंघ भक्तपुर जिल्ला समितिका अध्यक्ष अनिल फोजु, किरण गोसाईं र मिलन गणेजूले पनि बोल्नुभएको थियो ।

## पाँगा द्यो पोखरी ढलान



पाँगा । पाँगाको लाछीमा रहेको द्येपुखु (देश पोखरी) मा पुन:ढलान गरिएको छ ।

परापूर्वकालमा पानी कहिल्यै नसुक्ने पोखरी पुन:निर्माणसँगै पानी जमेन । पुन:निर्माण गर्दा जमिनमा सिमेन्ट, डण्डी राखी ढलान गरेपछि पानी सुकेको धेरैले अनुमान गरेका छन् ।

पुराततवविद् स्व.शुक्रसागर श्रेष्ठले पोखरीमा सिमेन्ट लगाउनु, दाँयाबाँया बालमा सिमेन्टको प्रयोग र पोखरीभन्दा गहिरिएर ढल निकास जान्छ भने पानी जम्ने सम्भावना धेरै कम हुने सल्लाह दिनुहुन्थ्यो ।

पाँगाको द्येपुखुमा पानी नजम्नुको कारण स्व.शुक्रसागरको भनाई अनुसार नै भएको हुनुपर्दछ । पोखरीको जमिनमा ईंट्टा र कालो माटो प्रयोग गरेको भएन त्यो अवस्था नआउने हो कि । सिमेन्टेडले राम्रो त बनायो तर रित्तो पोखरीको रुपमा ।

पोखरीमा पानी नजमेपछि पोखरीको महत्व घट्ने र पोखरीको दुरुपयोग हुने सम्भावना पछि छ ।

यो पोखरी विगतमा लुगा धुन, वैकल्पिक प्रयोग गर्न पाँगावासीलाई सघाएको थियो भने गाईजात्रामा लाखे नाच गर्नेहरुलाई राँगाको टाउको लिई परिक्रमा गर्ने रागाको खुट्टालिएर पोखरीमा हाम फाल्ने परम्परागत रितीथिति मनाउने ऐतिहासिक पोखरी पनि हो ।

## विश्व वातावरण दिवस २०७५ को अवसरमा हरियाली प्रवर्द्धन अभियना घोषणा




कीर्तिपुर । विश्व वातावरण विदस २०७५ (जेठ २३) को अवसरमा कीर्तिपुरमा हरियाली प्रवर्द्धन शुभारम्भ घोषणा गरियो ।


त्यस अवसरमा कीर्तिपुरमा नयाँबजार तीनकुनेबाट गेटसम्म विभिन्न जातका विरुवा, रुख रोपी हराभरा कीर्तिपुर बनाउन लागेका छन् ।

कीर्तिपुर नगरपालिकाका पदाधिकारी एवं कर्मचारीहरु, विभिन्न संघसंस्थाहरुका प्रतिनिधिहरुले विरुवा रोपेका थिए ।

कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन, वातावरण संरक्षण अभियन्ताहरु कार्यक्रममा उपस्थित रहेका थिए ।

## ऐतिहासिक जनअन्दोलन २०४६ चैत्र २० गते शहादत अमर सहिद


लनबहादुर महर्जन
वि सं. २००६ माघ


हिराकाजी महर्जन
वि सं. २०१७ माघ


राजमान माली
वि सं. २०२५ मंसिर


राजेन्द्र महर्जन
वि.सं. २०३० चैत

**सहिद साप्ताहिक**
वर्ष १५, अंक १०, २०७५ जेठ २५ गते शुक्रबार
शंखापुर प्रकाशन समूहको लागि
सम्पादक/प्रकाशक: नारायण महर्जन
कम्प्यूटर टाइप/सेटिङ्ग: सहिद डेक्सटप
सम्पर्क कार्यालय: जहूँ हिटी युवा क्लव - ११
पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२
E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com
www.kipushahid.blogspot.com
मुद्रण : शर्मिला प्रिन्टर्स्, डल्लु, काठमाडौं

## सम्पादकीय...

### मूल्यवृद्धि फिर्ता गर

*दुई तिहाई बहुमत प्राप्त प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धिले नेपाली जनताको ढाड सेकेको छ ।*

*पेट्रोलियम पदार्थमा २ महिनामा ५ पटक बढाएपछि उपभोक्ता वर्ग मारमा परेका हुन् । दैनिक उपभोग्य बस्तुको मूल्य कृत्रिम तरिकाले बढेको छ ।*

*कृतिम तरिकाले बढाइएको मूल्य नियन्त्रण गर्न सरकारले केही चासो दिएको छैन ।*

*नेकपा (नेकपा) को बहुमत प्राप्त सरकारले कम्यूनिष्ट आचरण विपरीत कृत्रिम मूल्यवृद्धि गर्ने व्यापारीलाई कारवाही गरिनुपर्ने थियो । तर उल्टो सरकारले निजामती कर्मचारीलाई महंगी भत्ता बापत २ हजार थप गरी व्यापारीलई मूल्यवृद्धि गराउनमा थप प्रोत्साहन दिएको छ ।*

*पूँजीवादी व्यवस्थामा गरिवको हितमा काम होला, जनजीवन सहज रुपले अगाडि बढ्ला भनेर सोच्नु गलत हुनेछ ।*

*पूँजीवादी र पूँजीपतिहरुको धर्म नै आफू कसरी धेरै धनी हुने, पार्टीका नेता-कार्यकर्ता कसरी सम्पत्ति कुम्ल्याउने हो ध्याननै यसमा केन्द्रित गरेको कारण आज सरकार र सरकारमा रहेका पार्टीले मूल्यवृद्धि फिर्ता गर्न खोज्दैन ।*

*विदेशमा उपभोग्य बस्तुको मूल्यवृद्धि एक पैसा नै किन नहोस् बृद्धि गर्दा धेरै दृष्टिकोणबाट सोचेर मात्र गरिन्छ । एक पैसा मूल्यवृद्धि विरुद्ध उपभोक्ता सडकमा उत्रन्छन्, सरकारलाई फिर्ता लिन लगाउन बाध्य पार्छन् तर देशमा अचाक्ली मूल्यवृद्धि हुँदा पनि उपभोक्ता पनि चुप, राजनीतिक पार्टी पनि चुप बसेका छन् ।*

*नेमकिपाका युवा विद्यार्थीहरु अहिले मूल्यवृद्धिको विरोधमा संघर्षमा उत्रेका छन् ।*

*आशा गरौं मूल्यवृद्धि फिर्ता नगरेसम्म आन्दोलनलाई अगाडि बढाऔं ।*

# देश गरिब हुने तर मन्त्री र आउरेबाउरे धनी हुने यथावत !

**प्रज्ज्वल**

देश गरिब हुने तर मन्त्री र आउरेबाउरे धनी हुने यथावत !

एमाले र माओवादी केन्द्र एकता घोषणा भएको पाँचौ दिन जेठ ७ गते ती पार्टीको एकीकृत रूप नेपाल कम्युनिष्ट पार्टीका प्रधानमन्त्री ओली नेतृत्व सरकारको नीति तथा कार्यक्रम सार्वजनिक भयो । राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा वाचित ४३ पृष्ठ र १०३ बुँदाको सो नीति तथा कार्यक्रममा देश र जनताको समस्या के हो र त्यो समस्या कसरी समाधान गर्ने कुनै खाका छैन । एमालेको नेतृत्वमा गठन भएका यसअघिका चार वटा सरकारले यस्तै नीति तथा कार्यक्रम र बजेट ल्याएका थिए । ती कुनै पनि नीति तथा कार्यक्रम र बजेटले जनताका समस्यालाई सम्बोधन गर्न सकेनन् । यस पटकको एमाले-माओवादी केन्द्रको संयुक्त सरकारको नीति तथा कार्यक्रमले पनि जनताका समस्यालाई सम्बोधन गरेन ।

नीति तथा कार्यक्रमलाई एमालेका अधिकांश सांसदहरूले आलोचनात्मक बचाउ गरे । माओवादी केन्द्रका सांसदहरूले पनि नीति कार्यक्रमलाई बचाउ गर्न लागि परे । एमाले र माओवादी केन्द्रका सांसदहरू सरकारको नीति कार्यक्रमलाई पञ्चायतकालमा पञ्चहरू पञ्चायती नीतिलाई समर्थन गर्न बाध्य भए झैं समर्थन गर्न बाध्य छन् । एमाले र माओवादी केन्द्रका सांसदहरू निर्वाचन क्षेत्र विकास बजेट व्यवस्था गराउन पनि नीति तथा कार्यक्रमको समर्थनमा लागेको देखिन्छ । एमाले अध्यक्ष ओलीले शान्ति प्रक्रियाका कार्यहरू मात्र माओवादीसँग मिल्ने बताएका थिए । यसको जवाफमा माओवादी अध्यक्ष प्रचण्डले एमालेको कुनै हैसियत नभएको नेकासँग विलय हुनुपर्ने बताएका थिए । ओली-प्रचण्डको आरोप-प्रत्यारोप सुन्दा यी दुई पार्टीको एकता नेपाल र नेपाली जनताको हितमा भएको हो भन्ने कुनै आधार छैन । संविधानसभाको दोस्रो निर्वाचनपछि नेका र एमालेको सरकार गठन भयो । त्यसबेला माओवादी केन्द्र फोरमसमेतका साथमा संसद अवरोध र सडक आन्दोलनमा थियो । त्यसबेला ओलीले प्रचण्डलाई २-३ अर्ब रूपैयाँ पाए आन्दोलनबाट हट्ने बताए । यसको जवाफमा आन्दोलनकारीहरूको बैठकबाट ओलीलाई मानसिक सन्तुलन नभएका र उपचारको लागि राँची लानुपर्ने बताएका थिए । यसले एमाले र माओवादी केन्द्रको एकता घोषणा नेपाली जनताको इच्छानुसार नभएको बरू अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको निर्देशनमा इमानदार नोकर बनाउन भएको पुष्टि गर्छ ।

ओलीले ट्याम्पु चलाउन एउटा ड्राइभर भए पुग्ने र जेट विमान नै चलाउन २ जना पाइलट चाहिएको तर्क राख्दै दुई पार्टी एकीकरणपछिको नेकपामा दुई अध्यक्षको बन्दोबस्तलाई बचाउ गरे । राजनीतिक पार्टी कुनै जेट विमानजस्तो होइन । जेट विमानको पाइलट एउटा निश्चित पाठ्यक्रम र प्रशिक्षणबाट बन्न सक्छन् । तर राजनीतिक पार्टीका नेता समाज परिवर्तनको अगुवा हुन् । यो अगुवाई निश्चित राजनीतिक दर्शनको आधारमा मात्र सम्भव हुन्छ । राजनीतिक पार्टीका नेतासँग देश र जनताको समस्या समाधान गर्ने खाका नै हुन्छ । जेट विमान बिग्रेमा पाइलटले बनाउन जान्दैन, चलाउनेमात्र हो । राजनीतिक नेताले देश बिग्रेमा देश र समाज मर्मत सम्भार गर्ने हुन् । यसले ओली र प्रचण्ड पाइलट मात्रै अर्थात् निर्देशानुसार जेट विमान उडाउने र बिसाउनेमात्र भएको पुष्टि गर्छ ।

सरकारका बहु वर्षीय योजनाहरू तीन वर्षीय वा पञ्च वर्षीय योजनाहरूमा उल्लेख हुन्छ । एक आवको नीति तथा कार्यक्रममा पाँच वर्षभित्र काठमाडौं-निजगढ द्रूतमार्ग र मध्य पहाडी लोकमार्ग निर्माण सम्पन्न गर्ने उल्लेख छ । पाँच वर्षभित्रै दोहोरो अङ्कको आर्थिक वृद्धि, प्रतिव्यक्ति आय दुई गुणा पुऱ्याउने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । नीति कार्यक्रमबारे सांसदहरूको जिज्ञासालाई स्पष्ट गर्ने क्रममा प्रम ओलीले पूर्व-पश्चिम र उत्तर-दक्षिण रेल जोड्ने र कोशीमा पानी जहाज चलाउने पुरानो भनाइ दोहोऱ्याए । पहिलोपटक प्रम हुँदा ओलीले घर घरमा खाना पकाउने ग्यासको पाइप लाइन जोड्ने सपना बाँडेका थिए । यी सबैलाई ओलीले दिउँसै सपना देखेको हो, राती सुत्दा नदेखेको दावी गरे । नेपाली जनता घाँटी भिजाउने खानेपानी नपाएर हाहाकार अवस्थामा छन् । काठमाडौं उपत्यका धुलो-धुँवाको प्रदूषणमा निस्सासिँदै छ । यसकारण प्रम ओलीले काठमाडौंलगायत मुख्य मुख्य सहरमा सवारी जाम अन्त्य गरे, घरघरमा खानेपानी पुऱ्याए, जनताको निम्ति काम गरेको ठहरिने छ । मेलम्चीको पानी काठमाडौं ल्याएर सडक धुने सपना जनतालाई देखाएको २९ वर्ष भयो । उनी एकपटक उपप्रधानमन्त्री र एकपटक गृहमन्त्री भए । काठमाडौंमा मेलम्चीको खानेपानी ल्याउन तीस वर्ष आवश्यक भए कोशीमा जहाज के पाँच वर्षमै चलाउन सम्भव हुन्छ । यस्तो पनि सपना हुन्छ ? प्रधानमन्त्री ओलीले पार्टी एकता घोषणामा स-साना पसल थापेर, कुनामा धस्सिए कम्युनिष्ट कराएर बस्न नहुने पनि उपदेश दिए । मार्क्स-एंगेल्सले कम्युनिष्ट घोषणापत्र लेखेर कामदार वर्गलाई एक हुन आह्वान गर्दा त्यसबेलाका पुँजीवादी सरकारहरूले पनि यसरी उपदेश दिएका थिए । यथार्थमा नवगठित नेकपा नै नेकामा विलय हुने दिन टाढा छैन ।

प्रम ओलीले अगाडि पनि बोले र यस पटक पनि भ्रष्टाचार गर्दिन भनेर बोलेको एक सय दिन भयो । तर प्रशासन, निर्माण, उद्योग-व्यापार, निजी विद्यालय, निजी मेडिकल कलेज र अस्पताल सबैतिर आर्थिक अनियमितता र ठगी यथावत छ । निरङ्कुश राणा शासन र निर्दलीय पञ्चायती व्यवस्थामा पनि आ-आफ्नो सरकारको यस्तै प्रतिबद्धता थिए तर व्यवहारमा उल्टो भयो । अहिले ओली-प्रचण्डको सरकार पनि उस्तै छ । सरकार गरिब तर सरकारका मन्त्री र मन्त्रीका आउरेबाउरेहरू धनी हुने नियति यथावत छ । नेकपा गठनको औचित्य देखिएको छैन र देखिने पनि छैन ।

भाषा, साहित्य व संस्कृतिया सः
नेवाः एफ.एम १०६.६
NewaFM 106.6 MHz
ञिहच्छिचच्छि (२४ सै घण्टा) न्यनादिसँ/न्यंकादिसँ
नेवाः जुयागुया गौरव यानादिसँ
नेवाः एफ.एम. १०६.६
न्यामासिमा, द्यःध्वाखा, किपू-२
फोन ल्याः ४३३४२२२
अनक मिडिया प्रा.लि.
न्यामासिमा, द्यःध्वाखा, किपू-२
इमेलः ankmedia.newafm@gmail.com

# भक्तपुर नगरपालिकाको एक वर्ष

'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको एक वर्ष' कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिको जेठ ७ गते सोमबार व्यक्त मन्तव्य-सम्पादक

भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भएको एक वर्ष पूरा भयो । यसै अवसरमा जेठ ७ गते 'भनपामा जनप्रतिनिधिहरूको एक वर्ष' कार्यक्रम सम्पन्न भयो । यस अवधिमा कानुनले तोकेबमोजिम प्रथम र दोस्रो गरी दुई वटा नगरसभाहरू सम्पन्न गरिसकेका छौं भने तेस्रो नगरसभाको नजिक पुग्दैछौं ।

२०७४ असार २९, ३० र ३१ गते सम्पन्न प्रथम नगरसभाले रू.१ अर्ब ५ करोड ५५ लाखको बजेट पारित गरेको थियो । हालसम्म नगरपालिकाले रू. ९१ करोड १५ लाख १९ हजार ९९२ आम्दानी र रू. ७८ करोड १२ लाख ०२ हजार ४७० खर्च गरेको छ । देको-मिवा-इटापाके आवास योजनाको लागि पुन:निर्माण प्राधिकरणबाट लिएको रू. १० करोड ऋण पनि आम्दानीमा जोडिएको छ ।

निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार हामी जनप्रतिनिधिहरू प्रतिबद्ध भएर आ-आफ्नो जिम्मेवारीअनुसारको काममा लागिरहेका छौं । नेपाल मजदुर किसान पार्टीको स्थानीय निर्वाचन घोषणापत्रलाई आधार बनाई नगर र नगरवासीको हितलाई केन्द्रविन्दुमा राखेर हामी कार्यरत छौं । शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, खानेपानीजस्ता जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूलाई हामीले प्राथमिकतामा राखेका छौं ।

भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गराउन र ज्ञान विज्ञानको केन्द्र बनाउन हामी जनप्रतिनिधिहरू निरन्तर लागिरहनेछौं । यो एक वर्षभित्र हामी जनप्रतिनिधिहरूले के कस्ता कार्यहरू गऱ्यौं ? हामीले जनतालाई दिएको वचनअनुसार काम गर्न सक्यौं या सकेनौं ? त्यसको विस्तृत मूल्याङ्कन र समीक्षा गर्ने जिम्मेवारी हामी यहाँका जनतालाई नै दिन चाहन्छौं । हामीले एक वर्षमा गरेका कामहरूबारे संक्षिप्तमा जानकारी गराउन चाहन्छौं ।

**१. शिक्षा**:

भक्तपुर नगरपालिकाले २०५६ सालदेखि ख्वप उमावि स्थापना गरी शिक्षा क्षेत्रमा प्रत्यक्ष लगानी सुरू गरेको हो । सर्वसाधारण जनताका छोराछोरीलाई कम शुल्कमा उच्च शिक्षा दिने, समाजलाई बुद्धिजीवीकरण गर्ने, नयाँ पुस्तालाई एक्काइसौं शताब्दीका चुनौतीहरू सामना गर्न सक्षम बनाउने र श्रमलाई उत्पादन श्रमसँग मिलाउने शैक्षिक संस्थाहरूको उद्देश्य हो । त्यही उद्देश्य पूरा गर्न नपाले ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, शारदा कलेजको सञ्चालन गर्दै आएको छ । नपाले स्थापना गरेका कलेजहरूबाट देशका लागि आवश्यक जनशक्ति उत्पादन भइरहेका छन् । नगरपालिकाद्वारा सञ्चालित ७ वटा कलेजहरू तथा जनस्वास्थ्य सेवा केन्द्रका लागि चालू आ.व.मा रू. ४१ करोड रूपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

मनाङबाहेक देशका सबै जिल्लाका विद्यार्थीहरूले ख्वप कलेजहरूमा आफ्नो रूची अनुसारका विषयमा अध्ययन पूरा गरिसकेका छन् । ख्वप इन्जिनियरिङ कलेजबाट स्नातक र स्नात्तकोतर गरी हालसम्म १४४७ विद्यार्थीले अध्ययन पूरा गरिसकेका छन् भने ख्वप कलेज अफ इन्जिनियरिङबाट ६२३ जनाले अध्ययन पूरा गरिसकेका छन् । हाल ख्वप इ. कलेजमा ६७ जिल्लाका ११०३ जना र ख्वप कलेज अफ इन्जिनियरिङमा ६४ जिल्लाका ६२३ जना गरी १७२६ जना विद्यार्थी अध्ययनरत छन् । भनपाद्वारा सञ्चालित सबै कलेजहरूमा गरी ५,६०० जना विद्यार्थीहरू अध्ययनरत छन् । ख्वप कलेज अफ इन्जिनियरिङमा यही वर्षदेखि कम्प्युटर इन्जिनियरिङको कक्षा सुरू भएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएपछि भनपाले कक्षा १ र ६ को स्थानीय पाठ्यक्रम तयार गऱ्यो । २०७४ माघ २३ गते योगेन्द्रमान बिजुक्छेंको संयोजकत्वमा प्राध्यापक सिद्धिरत्न शाक्य, उद्धव सुजखु, राजेन्द्र श्रेष्ठ र रोसनराज तुइतुई भएको ५ सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन भई कार्यदलले २०७५ वैशाख २ गते पाठ्यक्रम तयार गरी नपामा बुझायो । भक्तपुरको इतिहास, भूगोल, कला-संस्कृति, सम्पदा, खेलकुदलगायतका विषयलाई समेटेर तयार गरिएको पाठ्यक्रमले नयाँ पुस्तालाई भक्तपुरबारे जानकारी प्रदान गर्न मद्दत पुग्ने हाम्रो विश्वास छ । आगामी शैक्षिक वर्ष २०७६ बाट कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम लागू गर्ने हाम्रो लक्ष्य छ ।

कक्षा ८ को अन्तिम परीक्षा नगरपालिका स्वयंले सञ्चालन गरी समयमै परीक्षाफल सार्वजनिक गऱ्यो । भनपा क्षेत्रभित्र सामुदायिक ३५ र संस्थागत ५७ गरी कूल ९२ वटा विद्यालयहरू छन् । ती विद्यालयहरूमा कक्षा १ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या ३६,५०० ( छत्तीस हजार पाँच सय) जना छन् । सामुदायिक विद्यालयको शैक्षिकस्तर उठाउन यो वर्षदेखि मन्टेश्वरी सिकाइ प्रविधिको तालिम सञ्चालन भयो । तालिममा प्राप्त ज्ञानको सही सदुपयोग होस् भन्ने उद्देश्यले ६ महिनासम्म अनुगमनको व्यवस्था मिलाएका छौं ।

**२) स्वास्थ्य** :




भनपाअन्तर्गत हाल तीन वटा जनस्वास्थ्य केन्द्रहरू सञ्चालित छन् । च्याम्हासिंह, भगवती स्थान र ब्यासीमा सञ्चालित ती स्वास्थ्य केन्द्रहरूमा दैनिक ३०० भन्दा बढी बिरामीहरूले स्वास्थ्य सेवा पाइरहेका छन् । च्याम्हासिंह केन्द्रमा स्त्री रोग, छाला, नाक-कान, घाँटी, हाडजोर्नी, बाल रोग, छाती रोग, मानसिक रोगलगायतको विशेषज्ञ सेवा उपलब्ध छ । गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा हाम्रो उद्देश्य हो ।

च्याम्हासिंह स्वास्थ्य केन्द्रसँगै २५ शैय्याको अस्पताल निर्माणको तयारीमा छौं । आजैबाट इमर्जेन्सी कक्ष नयाँ भवनमा सारिएको छ । त्यस्तै बिरामीहरूको सुविधालाई ध्यानमा राखेर भिडियो एक्सरे (अल्ट्रासाउण्ड)सेवा, सीआर एक्सरे सेवा र आधुनिक ल्याब सेवा प्रदान गर्ने तयारी भइरहेको छ ।

घर घरमा नर्सिङ सेवा दिने नेपाल मजदुर किसान पार्टीको घोषणापत्रमा उल्लेख भए अनुसार जनप्रतिनिधि बहाल भएको सय दिनमा भनपा वडा नं. ३, ४ र ६ मा सो सेवा सुरू गरेर २०७५ साल वैशाख ९ गतेदेखि नगरको १० वटै वडामा चालू भइसकेको छ । वडा वडामा १ जना नर्सको साथ स्वास्थ्य स्वयंसेविकाको पनि व्यवस्था मिलाइएको छ । उच्च रक्तचाप, चिनी रोग, स्त्री रोग, बाल रोग, दम खोकीजस्ता रोगका बिरामीहरू तथा विशेष गरी ज्येष्ठ नागरिक र सुत्केरी महिलाहरू उक्त सेवाबाट लाभान्वित भएका छन् ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानको लागि आ.व. २०७४/०७५ मा रू. ६,४८,७८,२०० बजेट विनियोजन गरेकोमा २०७४ चैत मसान्तभित्र ३ करोड ९३ लाख खर्च भइसकेको छ । जनस्वास्थ्यतर्फ विशेषज्ञ डाक्टरहरू ९ जना र अन्य १३ जना चिकित्सकहरूसमेत २२ डाक्टरहरूले सेवा प्रदान गरिरहेका छन् भने नर्स र अन्य कर्मचारीहरू गरी कूल ६१ जना तथा ख्वप बहुप्राविधिकतर्फ आंशिक र पूर्ण गरी ५७ जनासमेत ११८ जना कार्यरत छन् । नगरभरि ९० जना स्वास्थ्य स्वयंसेविकाहरू तथा १९ जना स्वास्थ्य बीमा अभिकर्ताहरू परिचालित छन् ।

२०७४ साल साउन १ गतेदेखि भनपाले आयुर्वेदिक स्वास्थ्य उपचार सेवा सुरू गऱ्यो । साउन १ देखि चैत्र मसान्तसम्म अर्थात नौ महिनामा ८,५८४ जनाले आयुर्वेदिक स्वास्थ्य सेवा प्राप्त गरिसकेका छन् भने गत वर्ष बाऱ्ह महिनामा ६३५१ जनाले मात्रै उपचार सेवा प्राप्त गरेका थिए । केन्द्रले कमलविनायक केन्द्रबाट निरन्तर नि:शुल्क उपचार सेवा प्रदान गर्दै आएको र वडा नं. १ र ९ मा १५ दिनको एक पटक उपचार सेवा प्रदान गर्दै आएको छ । २०७४/१२/२९ गते वडा नं. ७ मा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेकोमा ३०० भन्दा बढीले उपचार सेवा प्राप्त गरे । यसलाई नगरको वडा वडामा विस्तार गर्दै लानेबारे छलफल भइरहेको छ ।

**३) सरसफाइ**:

सरसफाइ भनपाको महत्त्वपूर्ण कार्य हो । नगरलाई निरन्तर सफा राख्न १४९ जना कर्मचारीहरू कार्यरत छन् । नगरपालिकाको बजेटको महत्त्वपूर्ण अंश सरसफाइमा खर्च भइरहेको छ । वार्षिक करिब ६ करोड ५० लाख भन्दा बढी रकम खर्च हुँदा पनि आशातीत सफाइ हुन सकेको छैन । केही महिना अघिदेखि कुहिने र नकुहिने फोहर अलग अलग सङ्कलनको व्यवस्था मिलाएका छौं । प्रतिकेजी फोहरको ९ रूपैयाँ ५० पैसा नपाको खर्च भइरहेको अवस्थामा पनि नगरपालिकाले नगरवासीहरूसँग अत्यन्तै न्यून वार्षिक ३०० रूपैया सफाइ शुल्क उठाउँदै आएको छ । त्यो शुल्कसमेत नगरवासीहरूले नक्सापास गर्नुपरेमा वा कुनै सिफारिस लिनु परेमा मात्रै बाध्यताले तिर्ने गरेको पाइन्छ । यो अवधारणामा परिवर्तन ल्याई सफाइ कर तिर्नु हाम्रो दायित्व हो भन्ने भावनाको विकास गर्नु आवश्यक छ ।

२०७४ साउन १ गतेदेखि प्रत्येक महिनाको १ गते र १५ गते सफाइ कार्यक्रम गर्दै आएका छौं । जनप्रतिनिधिहरू, नपाका कर्मचारीहरू, स्थानीय टीम, क्लब, वाचनालय, दाफा भजनको सहभागितामा हुने त्यस कार्यक्रम अत्यन्त प्रभावकारी भएको छ । त्यस कार्यक्रमअन्तर्गत मठ, मन्दिर, पोखरीजस्ता सम्पदाहरू र सार्वजनिक स्थलहरू सफा गर्ने गरिएको छ । विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई पनि सहभागी गराउने उद्देश्यले एक विद्यालय एक सम्पदा सफाइको नीति लागू गरिएको छ ।

**४) विकास निर्माण** :

आ.व. २०७४/०७५ को लागि रू. १ अर्ब ५ करोड ५५ लाख रूपैयाँको बजेट पारित भएकोमा विकास निर्माणका योजनाहरूको लागि रू. ३१ करोड विनियोजन गरिएको थियो । स-साना विकास निर्माण तथा सम्पदाहरू जीर्णोद्धार र पुन: निर्माणको काम स्थानीय जनताको सहभागितामा वडास्तरबाटै गर्ने नीति पारित गरी प्रत्येक वडाको लागि रू. ५० लाखको दरले विकास बजेट छुट्याइएको थियो । विगत आर्थिक वर्षमा निर्माण कार्य प्रारम्भ भई क्रमागत रूपमा थुप्रै योजनाहरू चालू अवस्थामै भएकोमा भौतिक पूर्वाधारका योजनाहरू ३५ मध्ये २७ वटा सम्पन्न भए भने सम्पदा संरक्षणका योजनाहरू ४७ वटामध्ये २७वटा सम्पन्न भइसकेका छन् । त्यसैगरी बाटोमा इँटा छपाइ तथा ढुङ्गा छपाइका ८८ वटा स्वीकृत भएको मध्ये २४ वटा सम्पन्न भएका छन् भने अरू सबै निर्माणाधीन अवस्थामा छन् । त्यस्तै नगरका १० वटै वडाहरूमा उपभोक्ता समितिमार्फत सडक सोलार बत्ती जडान गरिसकेको छ ।

भनपा ५ स्थित प्रसिद्ध भैरवनाथको मन्दिर जीर्णोद्धारको लागि रू.१ करोड २७ लाख ल.ई. स्वीकृत भई उपभोक्ता समिति समेत गठन भइसकेको छ । पुरातात्त्विक, ऐतिहासिक र धार्मिक दृष्टिले समेत अत्यन्त महत्त्वपूर्ण उक्त मन्दिरबारे सम्बन्धित विज्ञहरूको अन्तरक्रिया पछि उहाँहरूकै सुझावबमोजिम विज्ञ समूह गठन गरी क्षति विश्लेषणसहितको प्रतिवेदनको पर्खाइमा छौं । प्रतिवेदन प्राप्त हुने बित्तिकै उक्त कार्यलाई अगाडि बढाइने छ ।

भनपा वडा नं. १ स्थित भाज्या पोखरीलाई पुरानै शैलीमा निर्माण गर्ने प्रयास भइरहेको छ । पानी चुहिनबाट रोक्न कालोमाटो भर्ने काम सम्पन्न भएको छ भने नक्सा, डिजाइनको कार्य अन्तिम चरणमा छ । विज्ञहरूको राय सल्लाहअनुसार उक्त पोखरी निर्माण गर्ने हाम्रो तयारी छ ।

भनपा वडा नं. ९ स्थित च्याम्हासिंहमा ख्वप अस्पताल निर्माणको लागि नक्सा डिजाइन सम्पन्न भएको र ल. इ. सकिनासाथ निर्माण प्रक्रिया अगाडि बढाइने छ ।

भनपा वडा नं. ७ भेलुखेलमा रहेको पुल जीर्ण भएको हुँदा नयाँ पुल निर्माणको लागि डिजाइन, ड्रइङ र ल.इ. समेत पास भइसकेको छ । उपभोक्ता समिति गठन हुनासाथ छिट्टै नै निर्माण कार्य अगाडि बढाइने छ ।

भनपा वडा नं. ९ स्थित बहुउद्देश्यीय भवन निर्माण लामो समयदेखि रोकिएकोमा भनपामा जनप्रतिनिधिहरू बहाल भएपछि उक्त भवन निर्माण कार्य तदारूकताका साथ अगाडि बढेको छ । हाल स्लाब ढलान तथा कोठा निर्माणको काम भइरहेको छ ।

भनपा वडा नं. ६ स्थित देकोचामा करिब २८ रोपनी जग्गामा आधुनिक सुविधा सम्पन्न अरनिको सभा भवन बनाउने गरी ड्रइङ तथा डिजाइन भइरहेको छ । सहरी विकासबाट एक सहर एक पहिचानअन्तर्गत भनपाले उक्त सभा भवन निर्माण गर्न सिफारिस गरी पठाएकोमा नेपाल सरकार सहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत भइआएमा सोही बजेटबाट निर्माण कार्य अगाडि बढाइने छ ।

**५) खेलकुद**:

युवाहरूलाई अनुशासित बनाउने र स्वस्थ नागरिक तयार गर्ने उद्देश्यले भनपाले खेलकुद प्रशिक्षणलाई जोड दिंदै आएको छ । फूटबल, भलिबल, बक्सिङ, कराते र टेबुलटेनिस खेलको प्रशिक्षणलाई निरन्तरता दिंदै आएको छ । भनपाको प्रशिक्षणबाट प्रशिक्षित कतिपय खेलाडीहरू अहिले राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीको रूपमा परिचय पाउन सफल भएका छन् । यो हामी सबैको लागि खुसीको कुरा हो ।

भनपामा जनप्रतिनिधिको पदभार ग्रहणपछि भनपाको आयोजनामा २०७४ कार्तिक ९ गतेदेखि १४ गतेसम्म अन्तर विद्यालय खेलकुद प्रतियोगिता सम्पन्न भयो । प्रतियोगितामा विभिन्न आठ वटा खेल समावेश गरिएकोमा ४७ वटा विद्यालयले सहभागिता जनाएका थिए । विद्यालयहरूमै खेलकुद गतिविधि केन्द्रित गर्न सहभागी सबै विद्यालयहरूलाई करिब नौ हजार रकम बराबरको खेलकुद सामग्री सहयोग प्रदान गरिएको थियो ।

त्यसैगरी निर्वाचन घोषणापत्रअनुसार भनपाले यस वर्ष प्रथम मेयर कप पुरूष भलिबल प्रतियोगिता आयोजना गऱ्यो । ६ प्रदेशका २१ वटा नगरपालिकाले भाग लिएको उक्त प्रतियोगिता भव्य रूपमा सम्पन्न भयो ।

यस वर्ष झापामा राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा २०७४ मंसिर २२ देखि २७ गते सम्पन्न बक्सिङ प्रतियोगितामा भक्तपुर नगरपालिकाको तर्फबाट सहभागी भई १ रजत र २ काश्य पदक जित्न सफल भयो । त्यसैगरी कीर्तिपुर नगरपालिकाको आयोजनामा २०७५ वैशाख २९ गते सम्पन्न बास्केट बल प्रतियोगितामा भनपाको तर्फबाट सहभागी टोलीले तेस्रो स्थान हासिल गऱ्यो ।

लामो समयदेखि विभिन्न खेलमा प्रशिक्षण दिंदै आएका खेल प्रशिक्षकहरूलाई आँशिक सेवा करारमा रहेकोमा अब छिट्टै नै पूर्णकालीन सेवामा नियुक्ति गरिने व्यवस्था मिलाइने छ । खेल प्रशिक्षकहरूलाई नीति बनाई विभिन्न विद्यालयको जिम्मेवारी पनि तोकिने छ ।

*- स्रोत भक्तपुर नगरपालिका*

# कीर्तिपुरमा पानीको मुख्य स्रोत

### दूधपोखरी



कीर्तिपुरमा दूधपोखरी, सीम झवाहिटी र नौमूले पानीको मुख्य स्रोतको रुपमा रहेको छ ।

चन्द्र शम्शेर राणाको पालामा मुहानको स्रोत दूधपोखरीलाई चारैतिर पर्खाल लगाई संरक्षण गरेको यद्यपि बाँकी छन् । भित्र एउटा पाले घर अनि स–साना मंगालबाट पानी संकलन गरी ठूलो रिजर्भभ्वायरमा खस्छ त्यही पानी कीर्तिपुरवासीले विगतमा प्रशस्त उपभोग गरेका थिए ।

दूधपोखरीबाट उत्पादित पानी ठूलो डगवेलमा खसालेपनि सिचाईको लागि राजकुलो पनि चलेको थियो । अहिले दूधपोखरीको पानी नगाउँ र आसपास गाउँमा वितरण भइरहेको छ ।

### सीम झवाहिटी स्रोत



सीम झवाहिटी खानेपानी मुहानको एक महत्वपूर्ण स्रोत हो । अविरल निरन्तर उत्पादन भैरहेको यस क्षेत्रमा हाल ३ वटा ठूलठूला रिजर्भभ्वायर छन् भने ५ वटा डगवेल र हाल नयाँ डगवेल थप्दै गर्दा ६ वटा कम्पाउण्ड बाहिर रहेका छन् । कम्पाउण्डभित्र ठूलो डगवेल छ जसबाट आवश्यकता र समय तालिकानुसार पानी वितरण गर्ने गरिन्थ्यो ।

सबभन्दा ठूलो २ लाख ५० हजार लिटर, मझौला १ लाख ५० हजार र सानो ७५ हजार लिटरअट्ने रिजर्भभ्वायर पनि रहेको छ । डेढ लाख अट्ने रिजर्भभ्वायर मर्मत गरिरहेको छ भने अन्य संचालनमा रहेको छ र नियमित पानी वितरण गरेको छ ।

सिम मुहान स्रोतबाट सशस्त्र प्रहरी परिसर एपीएफमा ट्याङ्कीमा १ दिन विराएर १ घण्टा र पाँगाक्षेत्रमा टोलमा समय तालिका मिलाएर १ दिन विराएर आधा घण्टा, खत्री गाउँमा एक दिन विराएर आधा घण्टा, विष्ट गाउँमा एक दिन विराएर आधा घण्टा र भाजंगाल रिजर्भभ्वाएरमा रातभरी वितरण हुन्छ र नगाउँ र कीर्तिपुर क्षेत्रमा पनि यही सीम मुहानबाट वितरण भैरहेको छ ।

### नौमूले मुहान



नौमूले मुहान दक्षिणकाली नपा र कीर्तिपुर नगरपालिकाको सिमानामा रहेको पानीको स्रोत हो ।

विशेष गरी स्रोतको भाग चाल्नाखेलमा पर्दछ तर सिमानामा रहेकोले पानीको उपभोग विशेष गरी कीर्तिपुरवासी अर्थात् पाण्डे छाप, टौदह क्वारले तत्कालबढी उपभोग गरिन्थ्यो र बोसनका स्थानीयले १–२ घण्टा हिंडेर पानी लिन आउने र डाँडा चढ्ने गरिन्थ्यो ।

नौमूले खानेपानी सुधार एवं व्यवस्थापन उपभोक्ता समितिको गठनसँगै स्थानीय सरकारका जिविसको सहयोगमा बार लगाई संरक्षण गरेको छ ।

हाल नौमूले स्रोतको पानीलाई संकलन गर्न चाल्नाखेलतिर १ लाख ५० हजार लिटरको रिजर्भभ्वायर र कीर्तिपुर गुठतिर त्यतिकै क्षमता भएको रिजर्भभ्वायर ट्याङ्की निर्माण गरी पानी वितरण गरिहेको छ ।

चाल्नाखेलतिरको रिजर्भभ्वायरबाट बोसन डाँडामा पानी सप्लाई गर्छ विद्युतीयबाट भने कीर्तिपुर नपामा रहेको ट्याङ्कीबाट क्वार, टौदह, छापसम्म वितरण भैरहेको । बोसनमा चावी चलाउने कर्मचारी हरि बहादुर जिसि बताउनुहुन्छ ।

## स्रोत बृद्धिले खानेपानी समस्या सामाधान हुनेछ

– रमेश महर्जन
कीर्तिपुर नगरपालिका, नगर प्रमुख



कीर्तिपुर नगरपालिकामा खानेपानीको स्रोत प्रशस्त रहेको छ । खेर गइरहेको पानीलाई मात्र संरक्षण गर्न सकेमा पानीको स्रोत बृद्धि भई खानेपानीको समस्या धेरै कम हुने म देख्दछु ।

कीर्तिपुर नगरपालिकाको प्रमुखको हैसियतले पानीको स्रोत बृद्धि गर्न ठूलो प्रयास हुनेछ । त्यसको लागि सीम, दूधपोखरी, नौमूलेमा खेर गएका पानीको संरक्षण गर्ने जल क्षेत्र घोषणा गरी पर्खाल लगाउने र मेलम्चीको पानीलाई कीर्तिपुरको लागि वितरण मिलाउने कर्तव्य पूरा गर्नेछु ।

नेपाल सरकार खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड र नपाको संयुक्त रुपले १७ करोड ३० लाख छुट्याएकोमा नगरपालिकाको तर्फबाट भाजंगालमा पोलिट्याङ्क र भौतिक संरचनाको लागि २२ लाख, चम्पादेवीस्थित डिप बोरिङ्ग व्यवस्थित गर्न २० लाख, गाम्चा खापा सुधार गर्न १३ लाख खर्च नपाको तर्फबाट सुधारका कार्य भए भने आवश्यकता अनुसार पाइप सुधार भएको स्मरण गराउन चाहन्छु ।

गत वर्ष र चालू वर्षमा समेतको निर्णयानुसार नेपाल सरकार खानेपानी व्यवस्थापन बोर्डबाट ११ करोड २० लाख, काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट ४ करोड १० लाख र कीनपाबाट २ करोड गरी १७ करोड ३० लाख छुट्याइएकोमा दूधपोखरीस्थित राउते भिर र सीम मुहान क्षेत्रको विस्तृत अध्ययन भएको छ । त्यसको प्रतिवेदन आएपछि मुहान संरक्षणमा थप पहल गर्न सक्ने देख्दछु ।

## कीर्तिपुर नगरपालिकाले वार्षिक नगर विकास योजना २०७४/०७५ मा खानेपानी सम्बन्धी गरेको निर्णय

निर्णय नं. २० :-

एकातिर कीर्तिपुर नगरपालिकाका विभिन्न ठाउँहरुमा अव्यवस्थित रुपमा जमिनको सतहमै प्रशस्त मात्रामा पानी खेर गइरहेको छ भने अर्कोतिर कीर्तिपुरवासीहरुको सक्रिया सहभागितामा पाँच लाख लिटरसम्मका पानी ट्याङ्कीहरु बनाइएका भएपनि पानीको संकलन गर्ने व्यवस्था नहुँदा त्यसै खाली रहिरहेका छन् । यसलाई व्यवस्थित रुपमा परिचालन गर्न सकेमात्र पनि कीर्तिपुरवासीलाई पिउने पानीको कुनै समस्या नहुने हुन्छ । कीर्तिपुर नगरपालिकाको दक्षिण सिमानामा रहेका पानीका प्राकृतिक श्रोतहरु (दुधपोखरी, सिम, झ्वाहिटी, बुढाथोकी गाउँ र नौमूले) मुहमानको संरक्षण गर्न, वन जंगल तथा सिमसार क्षेत्रको संरक्षण गरी पानीको रिचार्ज हुने अवस्था कायमै राख्ने समेत व्यवस्था मिलाई समग्र कीर्तिपुरवासीको पिउने पानीको आवश्यकता परिपूर्ति हुने खालको बृहत्त खानेपानी आयोजना संचालन गर्नका लागि वडा नं. ७ स्थित सिम झ्वाहिटी खानेपानी मुहान संरक्षण, सम्बर्द्धन र क्षमता अभिवृद्धि गर्न यस १० नं. निर्वाचन क्षेत्रबाट निर्वाचित व्यवस्थापिका संसदका मा. सदस्य, राजनैतिक दलहरु एवं नगरपालिकाको संयुक्त पहलमा कुल लागन रु. १७ करोड ३० लाखको खाने पानी योजना संचालन गर्न नेपाल सरकार खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड बोर्डले रु. ११ करोड २० लाख, काठमाडौं उपत्यका खानेपानी लिमिटेडले रु. ४ करोड १० लाख र यस नगरपालिकाले रु. २ करोड व्यहोरी संयुक्त लगानी गर्ने निर्णय गत आ.व.मा भैसकेकोले सोको कार्यान्वयन गर्न खाने पानी व्यवस्थापन बोर्ड एवं काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई स्मरण गराउने साथै चालू आ.व. मै सुन्दरीघाटबाट खेर गईरहेको करिव १५ लाख लिटर खानेपानी मध्ये उक्त स्थानबाट लोकतान्त्रिक चोकसम्म खाने पानी व्यवस्थापन बोर्डबाट पाइप लाइन विच्छ्याई ट्याङ्गला क्षेत्रमा खानेपानी वितरण सुरु भैसकेको र सोही सुन्दरीघाटदेखि वडा नं. १८ भाजंगलस्थित खानेपानी ट्याङ्कीसम्म ६ इन्च डि. आई पाइप विच्छ्याउने यस नगरपालिका स्था. वि. शुल्क जडेडा कोषको योजना सम्पन्न भई काठमाडौं उपत्यका खानेपानी लिमिटेड, कीर्तिपुरबाट परीक्षणका रुपमा पठाइएको पानी पिउन योग्य नभएकोले तत्काले सो रोक्का गरी प्रयोगष्शालामा प्रमाणित पिउन योग्य पानी शीघ्र आपूर्ति गर्न सहमति भई कार्य अघि बढिरहेको र वडा नं. ६ दिईखु तथा वडा नं. १८ भाजंगलमा थप २ वटा डिप बोरिङ्ग निर्माण सम्पन्न भैसकेकोले सोको सफल संचालन गरी खानेपानी वितरण गर्न र साविकका मुहानहरु संरक्षण, सम्बर्द्धन र उत्पादन बृद्धिमा जोड दिन काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई अनुरोध गर्ने र आगामी आ.व.मा समेत राजनैतिक दलहरु एवं नगरपालिका र काठमाडौं उपत्यका खानेपानी लिमिटेडको संयुक्त पहलमा खानेपानी आयोजनालाई उच्च प्राथमिकता दिने निर्णय गरियो ।

## 'खानेपानीको समानुपातिक वितरण गरी सहज बनाइनेछ'

ई. नारायण कर्ण
प्रमुख, केयुकेएल, कीर्तिपुर शाखा



**१) कीर्तिपुर नगरमा खानेपानीको कुला माग कति छ ?**

अहिलेको जनघनत्व अनुसार कीर्तिपुर नगरमा खानेपानीको माग ५० लाख लिटर रहेको छ ।

**२) माग अनुसार आपूर्ति गर्न सकेको छ त ?**

माग अनुसार आपूर्ति गर्नसकेको छैन । हाम्रो स्रोत भनेको सीम, दूधपोखरी मुहान क्षेत्र हो । जहाँबाट २२ लाख लिटर मात्र उत्पादन हुन सकेको छ ।

**३) मुहान सुधार गर्न १७ करोड ३० लाखको बजेट के गर्नुभयो ?**

बजेट बाँडफाँट गरेअनुसार काम नभएपनि दूधपोखरीको राउटेभिर र सीममा थप अध्ययन गर्ने कार्य भएको छ ।

**४) मेलम्ची खानेपानीको रिजर्भभ्वायर बन्दैछ, कति लिटरको हो ?**

मेलम्चीको यो ट्याङ्की ६० लाख लिटरको क्षमता छ ।

**५) त्यसो भए कीर्तिपुरवासीले मेलम्ची पानी उपभोग गर्न पाउने भयो ?**

मेलम्ची खानेपानी आयोजना सम्पन्न भैनसकेसम्म त्यसको बारे केही भन्न सकिँदैन । मेलम्चीको रिजर्भभ्वायर कीर्तिपुरमा पुगेपछि पानी वितरण पनि हुने आशा गर्न सकिन्छ । तर मेलम्ची आयोजनाको पानी कीर्तिपुरमा वितरण गर्ने हो भने छुट्टै पाइप लाइन र वितरण प्रणाली सर्भे र शुल्क समेत आफ्नै नीति अपनाइने भएकोले आधिकारिक निर्णय नभईकन त्यसै भन्न सक्ने अवस्था देखिन ।

**६) कीर्तिपुरमा डिप बोरिङ्ग छन्, कति वटा संचालनमा आएको छ ?**

कीर्तिपुरमा डिप बोरिङ्ग गरी अन्य प्रयोजनको लागि पानी निकाले पनि हाल चोभार, बाघभैरव गोदाम, देवढोकामा मात्र प्रयोगमा रहेको छ ।

**७) पानीको समस्या मात्र झेल्दैछन् भनेको त धमिलो पानी पनि वितरण हुँदैछन् नि ?**

चन्द्र शमशेर पालामा निर्मित दूधपोखरी खानेपानी मुहान कीर्तिपुरको महत्वपूर्ण मुहान थियो । त्यतिबेला सार्वजनिक धारामा २४ सै घण्टा पानी आउँदथ्यो । जब जनघनत्व बृद्धि भयो पानीको माग पनि बृद्धिसँगै नीजि धारा वितरण गरियो ।

नीजि धारा वितरण प्रणाली मास्टर प्लान अनुसार डिजाइन गरी गर्नुपर्ने हो त्यो भएन । जसको कारण अहिलेसम्म पनि समानढंगले पानी वितरण गर्न सकिरहेको छैन । पानी नआएपछि गुनासो पोख्नु स्वभाविक थियो । पानी वितरणमा मुहानमा राम्ररी परीक्षण गरेर वितरण गरेको भए धमिलो पानी वितरण नहुने थियो ।

आजै (बिहीबार) मात्र हामी सिम मुहान क्षेत्रमा पुग्दा फिल्टरेशनमै केही फोहोर थुप्रिएको पाइयो । त्यो सफा भएको छ, भोलिका दिनमा धमिलो पानी नआउला ।

**८) खानेपानीको समस्या कसरी समाधान गर्नुहुन्छ ?**


पानीको स्रोत बढाउने कार्य नगरिकन समाधान हुने वाला छैन । दैनिक ५० लाख माग भएको कीर्तिपुरमा २२ लाखले धानेको छन् । २२ लाख पानी मध्ये ४० प्रतिशत देख्ने गरी र नदेख्ने गरी लिगेज हुने ६० प्रतिशत मात्र पानीको सेवा दिन सकेका छौं ।

मेलम्ची आयो भने केही सहज होलान् । नत्र भएका पानीलाई समानुपातिक वितरण प्रणालीबाट स्थानीय सरका, उपभोक्ता समितिसँग हातेमालो गर्दै समाधान गर्दै जानेछौं ।

**९) अन्तमा केही भन्नु छ कि ?**

कीर्तिपुरवासीलाई म धन्यवाद दिन चाहन्छु । खानेपानीको समस्या हुँदा पनि संवेदनशील भै समाधानको उपाय र चाहना राख्नु भएकोमा ।

साथै कीर्तिपुरमा खानेपानीबारे आम जनमानसमा संचार गरिदिनु भएकोमा सहिद साप्ताहिकलाई धन्यवाद दिन चाहन्छु ।


SUMMER
OFFER
HAPPY WEEKEND PACK
FRIDAY, SATURDAY & SUNDAY
Get 3GB Data for 3 days
@ RS. 100/-
(1GB per day)
Pack Validity : 7 Days from subscription
FOR SUBSCRIPTION, DIAL
*1415*2#
twitter.com/ndcl_nt
facebook.com/NepalTelecom.NT
instagram.com/nepaltelecomofficial
राष्ट्रको संचार
NEPAL TELECOM

KIPU SCIENTIFIC TRADERS
(SCIENCE & SURGICAL HOUSE)
Kirtipur Branch, Nayabazar
Head Office: Tripureshwor, Ph. No.: 014252365
Email: shankarmaharjan39@gmail.com, Mob. No.: 9851007840, 9841301590

अब कीर्तिपुरमा



हाम्रो सेवाहरू:
१) SCIENCE LAB को लागि चाहिने सम्पूर्ण सामानहरू
२) HOSPITAL, CLINIC, PATHOLOGY LAB का साथै SURGICAL सम्बन्धि सम्पूर्ण सामानहरू
३) तितेपाती (ARTEMESIA) तेलका साथै विभिन्न जडिबुतीका तेलहरू
४) बैज्ञानिक अनुसन्धान, शैक्षिक प्रयोगशालाका ग्लास, उपकरणहरू डिजाइनिङ्, उत्पादन तथा मर्मत
५) MATH LAB को लागि चाहिने आवश्यक सामानहरू

स्थान : शहीद स्मारक कलेज जाने बाटो
कीर्तिपुर गेटसँगै, नयाँबजार
सम्पर्क नं. : ९८५१००७८४०, ९८४१३०१५९०
त्रिपुरेश्वर शोरूम : ०१-४२५२३६५

Deals in: Lab Chemicals, Glassware, Apparatus, Surgical, Veterinary, Agriculture, Research, Industries, School, Campus, Hospital Equipments etc.

हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. १९९८ कार्तिक

स्वर्गारोहण:
वि.सं. २०७५/०२/१३

स्व. पञ्चमाया महर्जन

मेरी धर्मपत्नी श्रीमती पञ्चमाया महर्जनको
यही जेठ १३ गते ७७ वर्षको उमेरमा स्वर्गवास भएको आज १३ औं दिनको पुन्य तिथिमा मृत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गर्न सहानुभूति दिनुहुने आफन्तजन, इष्टमित्र, शुभचिन्तक सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौ ।

श्रीमान् भाईलाल महर्जन

छोरा/बुहारी
श्रीमान् रमेश महर्जन/विद्या महर्जन
श्रीमान् सुवेन्द्र महर्जन/रितु महर्जन (अमेरिका)

छोरी/ज्वाई
श्रीमान् रसनी महर्जन/सुविन्द्र महर्जन
श्रीमान् रजनी महर्जन/विनोद डंगोल

नातिहरु
श्री रजोज महर्जन (अमेरिका)
श्री सुजित महर्जन
श्री सुशिल महर्जन
श्री बोनी महर्जन

# के हो थाइराइड परीक्षण, कसले गराउने ?

डा. केयूर गौतम, अध्यक्ष सम्यक डायग्नोस्टिक

**के हो थाइराइड परीक्षण ?**

शरीरमा थाइराइडको समस्या भए नभएको पत्ता लगाउन प्रयोगशालामा गएर जाँच गरिने प्रक्रियालाई थाइराइड परीक्षण भनिन्छ । विगत केही समययता मानिसहरु थाइराइडको समस्या परीक्षण गर्न प्रयोगशालामा आउने क्रम बढ्दै गइरहेको छ । समयमै आवश्यक परीक्षण गरेर सतर्कता अपनाउनु वा उपचार प्रक्रियामा जानु राम्रो कुरा हो । तर, यसको मतलव थाइराइडको जाँच जतिबेला पनि गरिरहनुपर्छ भन्ने होइन । रक्तचाप, सुगरको जाँच जस्तो थाइराइडको जाँच नियमित गर्नु पर्दैन । यो 'रुटिन' चेकअप अन्तर्गत पनि पर्दैन ।

थाइराइडको जाँच गर्ने भनेको शरीरमा लक्षण देखिएपछि मात्र हो । तर, अमेरिकास्थित थाइराइड एसोसिएसनका अनुसार सामान्यतया कुनै पनि लक्षण नदेखिएका ३५ वर्ष मुनिका मानिसले पाँच वर्षमा एक पटक थाइराइड परीक्षण गराउनु पर्छ । ३५ वर्ष भन्दा माथिकाले भने वर्षमा एक पटक थाइराइडको जाँच गर्नुपर्ने हुन्छ भन्ने पनि एसोसिएसनले भनेको छ । जाँचका क्रममा थाइराइडको समस्या देखिएको छ भने हरेक ३ तथा ६ महिनामा जाँच गर्नुपर्ने हुन्छ ।

थाइराइडको समस्या जुनसुकै उमेरमा पनि देखिन सक्छ । तर, ३५ वर्षभन्दा कम उमेरका मानिसहरुमा लक्षण देखिएको छैन र एक पटकको जाँचका क्रममा थाइराइडको समस्या देखियो भने पुन अर्को जाँच नगरी औषधि दिइहाल्नु हुँदैन । यहाँ त एक पटकको परीक्षणमा थाइराइड देखियो भने तुरुन्तै औषधि दिने चलन छ । यस्तो अवस्थामा उक्त मानिसको ३ देखि ६ महिनामा पुन अर्को परीक्षण गरेर हेर्नु पर्ने हुन्छ । तर, धेरै नै तलमाथि भयो भने चाँही औषधि चलाउनु पर्ने हुन्छ ।

**थाइराइडको समस्या पत्ता लगाउन के के परीक्षण गरिन्छ ?**

सामान्य रुपमा भन्नुपर्दा थाइराइड एउटा ग्रन्थी हो । थाइराइडको समस्या हुनु भनेको यसबाट उत्पादन हुने हर्मोनमा घटबढ हुनु हो । थाइराइड ग्रन्थीबाट उत्पादन हुने 'टि थ्री' र 'टि फोर' हर्मोन बढ्ने र घट्ने कारणले थाइराइडको समस्या आउँछ । कहिलेकाहीँ तनाव, माइग्रेन, परीक्षण समय, महिनावारीजस्ता कारणले पनि थाइराइड हर्मोनमा तलमाथि हुन सक्छ । यस्तो समयमा परीक्षण गर्दा आएको रिपोर्टका आधारमा नै औषधि चलाइहाल्नु हुँदैन । त्यसकारण थाइराइड परीक्षणबाट आएको रिपोर्ट हेरेपछि चिकित्सकले बिरामीबारे थप बुझ्न जरुरी हुन्छ । अमेरिकन थाइराइड एसोसिएसनले लक्षण नदेखिएका व्यक्तिमा एकपटकमा थाइराइडको समस्या देखियो भने ३ देखि ६ महिना 'पर्ख र हेर' भनेको छ ।

थाइराइडबाट हर्मोनको उत्पादन घटेको वा बढेको छ की छैन भनेर पत्ता लगाउन टिएसएच अर्थात् थाइराइड स्टिमुलेटिङ हर्मोनको जाँच गर्नुपर्छ । जाँचका क्रममा टिएसएच बढ्यो/घट्यो भने मात्र पुरै थाइराइडले काम गरेको छ की छैन भनेर 'टि थ्री' र 'टि फोर' को र टिएसएच जाँच गर्नु पर्ने हुन्छ । 'टि थ्री' र 'टि फोर' लाई थाइराइडले शरीरभित्र हरेक अंगहरुमा फैलाउने काम गर्छ । यो प्रक्रियामा थपघट भयो अरु अंगहरुको काममा पनि असर पुऱ्याउँछ ।

टिएसएच घटबढ हुँदैमा 'टि थ्री' र 'टि फोर' पनि घट्बढ हुनैपर्छ भन्ने हुँदैन । त्यसकारण लक्षणका आधारमा जाँच गर्न सकिन्छ । जाँचका क्रममा टिएचएसमा समस्या देखियो भने मात्र 'टि थ्री' र 'टि फोर'को पनि जाँच गर्न सुझाब दिइन् ।

**थाइराइडको समस्यामा कस्ता लक्षण देखिन्छन् ?**

हर्मोनको उत्पादन बढी हुने समस्यालाई हाइपर थाइराडिज्म भनिन्छ । यो अवस्थामा मुटुको चाल बढेको जस्तो हुने, पसिना धेरै आउने, डर लागेको जस्तो हुने, दुब्लाउँदै जाने, ट्वाइलेट लागिरहने लक्षण देखिन्छ । हाइपो थाइराडिज्म भनेको हर्मोनको उत्पादन कम हुने हो । यो समयमा तौल बढ्ने, कपाल झर्ने, आलस्य हुने, कुनैबेला खुट्टा र जिउ कटकट खाने, कब्जियत हुने लक्षण हुन्छ ।

**पहिलाका तुलनमा अहिले थाइराइड बढ्दो रूपमा देखिनुको कारण ?**

अहिले मानिसहरुमा धेरै चेतना आइसकेको छ । यही कारण स्वास्थ्य परीक्षण गराउन आउनेको क्रम बढ्दै गएकाले धेरै बिरामी देखिएको हो । परीक्षणको दायरामा आउनेको संख्या बढी भएकाले धेरै बिरामी देखिएको हुनसक्छ । सन् १९६० तिरको समयमा आरआइए (रेडियो इम्युनोयासी) भन्ने प्रविधिले थाइराइड समस्याको जाँच गरिन्थ्यो । सन् १९८० तिर आएर इम्युनोयासी प्रविधिबाट जाँच हुनथाल्यो । पहिला पहिला यो प्रविधि प्रयोग गर्न गाह्रो भएका कारणले महिनाको एक दिन जाँच गरिन्थ्यो त्यसैले पनि यसको परीक्षण महंगो थियो जाँच गर्ने ठाउँ पनि थिएनन् । गर्नै पऱ्यो भने पनि महंगो त्यसमाथि त्यसको रिर्जल्ट आउने केही दिन लाग्थ्यो । तर इम्युनोयासी आएपछि हरेक अस्पतालहरुमा यो सेवा उपलब्ध छ । आफूलाई मनलागेको समयमा जहाँ पनि गर्न सकिन्छ । त्यहि कारणले पनि थाइराइडका बिरामी बढेको जस्तो देखिएको हो ।

**ल्याब परीक्षणका क्रममा कसरी छुट्टाछुट्टै रिपोर्ट आउँछ?**

मानिसको दैनिक क्रियाकलाप, उसमा भएका शरीरका अन्य रोग तथा समस्या, समय, तनाव तथा ल्याबकै अवस्थाका कारण पनि रिपोर्टमा फरकपन आउन सक्छ । यसको समाधानको उपाय भनेको गुणस्तरीय चिन्ह प्राप्त र दक्ष जनशक्ति भएको प्रयोगशालामा जाँच गर्नु नै हो । यस्ता प्रयोगशालाले जाँचका लागि आएका व्यक्तिको विगतको 'हिस्ट्री'का विषयमा जानकारी लिएर जाँच गर्छन् । बिरामीलाई उपयुक्त परामर्श समेत दिन्छन् । सरकारले पनि प्रयोगशालाको गुणस्तर र जनशक्तिका विषयमा जाँच गर्नुपर्ने हुन्छ । अनुगमन गर्ने निकाय बलियो नभएसम्म ल्याबको रिपोर्टमा निकै ठूलो अन्तर आउने समस्या दोहोरिरहन्छ ।

चिकित्सकले अध्ययन गर्ने किताबहरुमा थाइराइडको परीक्षण जुनसुकै समयमा गर्दा हुन्छ भन्ने उल्लेख गरिएको हुन्छ । व्यावहारिक रुपमा हेर्दा बिहानको समयमा परीक्षण गर्नु सबैभन्दा राम्रो पाइएको छ । बिहान, दिउँसो, साँझ र राति परीक्षण गर्दा रिपोर्टमा तलमाथि हुने समस्या हुन्छ । त्यसकारण थाइराइडको परीक्षणलाई हामीले बिहान गर्न सुरु गरेका छौं । एकपटक हामीकहाँ एक जनाको दिउँसो थाइराइड परीक्षण गरिएको थियो । परीक्षणका क्रममा थाइराइडको सामान्य मात्रा भन्दा तीन गुणा बढी देखियो । दुई दिनपछि पुन: बिहान गर्दा रिपोर्ट सामान्य नै छ । पछि हामीले उनको विषयमा थप बुझ्दा दुई दिनअघि जाँच गराउन आउँदा उनको माइग्रेनले टाउको असाध्यै दुखेको रहेछ । माइग्रेनकै कारण उनको थाइराइडको मात्रा तीन गुणासम्म बढी भएको रहेछ । अरु लक्षण नदेखिएका कारण उनलाई पुन: परीक्षण गर्न भनिएको थियो । फलस्वरुप पछिल्लो परीक्षणमा उनमा थाइराइडको समस्या देखिएन ।

यस्तै २२ वर्षकी एक युवतीको परीक्षणका क्रममा उनको रिपोर्टमा थाइराइडको समस्या देखियो । तर, उनलाई पनि कुनै लक्षण देखिएको थिएन । उनको रिपोर्ट अनुसार केही लक्षण देखा परिसकेको हुनुपर्थ्यो यसकारण हामीले उनको पनि पुन: परीक्षण गर्ने निर्णय लियौं । पछिल्लो परीक्षणमा उनको रिपोर्ट पनि सामान्य आयो । हामीले उनको विषयमा पनि थप जानकारी माग्यौं । अघिल्लो पटक जचाउन आउँदा उनी तीन चार दिनदेखि राति राम्रोसँग सुतेकी नै रहिनछन् । परीक्षाका कारण रातभरि पढ्ने र ननिदाउँदा बढेको मानसिक तनावका कारण उनको थाइराइड ह्वात्तै बढेको रहेछ । तर, दुई तीन दिनपछि गरिएको परीक्षणमा उनको रिपोर्ट सामान्य आयो ।

यसैगरी, महिनावारी भएको समयमा परीक्षण गर्दा पनि रिपोर्ट तलमाथि हुन सक्छ । पिसाबमा प्रोटिन जाने समस्या भएका, स्टेरोइडका औषधि लिएकाका, आइसियु र सिसियुमा भर्ना भएका बिरामीको रिपोर्टमा पनि थाइराइड घटबढ हुन सक्छ ।

त्यसकारण परीक्षणका क्रममा समस्या देखियो भने बिरामीको 'हिस्ट्री' लिने र लक्षण नदेखिएकाहरुलाई पुन: परीक्षण गर्न सुझाउनुपर्छ । हामीकहाँ ल्याब, उपचारमा संलग्न डाक्टर र बिरामीबीच 'कम्युनिकेसन ग्याप' छ । जसका कारण आवश्यक सूचना आदानप्रदान नहुँदा कतिपय थाइराइडको समस्या नभएकाहरुले पनि औषधि खानुपरिरहेको छ । त्यसैले थाइराइडसँगै अन्य स्वास्थ्य परीक्षण गर्दा खानपान, आफ्नो स्थिति, समय र वातावरणमा ध्यान दिनुपर्ने हुन्छ ।

- स्वास्थ्य खबर